छलफल तथा निर्णयहरु

१. कृषि, वन तथा स्थानीय विकास महाशाखाबाट पेश हुन आएको सार्वजनिक निजी साझेदारी केन्द्र स्थापना सम्वन्धी अवधारणा पत्र (Concept Note) सम्बन्धमा उक्त केन्द्र स्थापनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि सोही महाशाखाका सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी एक कार्यदल गठन गर्ने । उक्त कार्यदलले सो प्रतिवेदन कार्तिक महिना भित्रमा तयार गरी आयोग समक्ष पेश गर्ने ।

२. उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका सदस्य तथा राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. गीताभक्त जोशीले प्रस्तुत गर्नु भएको वहुक्षेत्रीय पोषण योजना II (२०७५/७६ – २०७९/८०) सम्बन्धमा बैठकमा प्राप्त उपयुक्त सुझावहरुलाई समावेश गर्ने गरी अनुमोदन गर्ने । साथै, वहुक्षेत्रीय पोषण योजना II (२०७५/७६ – २०७९/८०) को परिमार्जित दस्तावेजलाई नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेश गर्ने।

३. राष्ट्रिय योजना आयोगबाट तयार गरिएको "एकिकृत सहरी विकास मापदण्ड" लाई एकीकृत सहरी विकास कार्यान्वयनको सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न छपाई गरी स्थानीय तह लगायत सबै सरोकारवाला निकायमा पठाउने ।